# छिपहरमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भिस्वा,पर्सा
मधेश प्रदेश,नेपाल
(रोजगार सेवा केन्द्र)

पत्र संख्या :- २०८२/०८३
चलानी नम्बर :- ६३६

मिति :२०८२/११/२५

---

श्री वडा कार्यालय(सबै),
छिपहरमाई गाउँपालिका,पर्सा

**विषय :-आ.ब.२०८३/०८४ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा २ (थ), रोजगारीको हकसम्बन्धी ऐन,२०७५ को दफा ११, को उपदफा १, रोजगारीको हक सम्बन्धी (दोश्रो संशोधन) नियमावली,२०७५ को नियम ७ को उपनियम १ र "राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १७ बमोजिम आगामी आ.व. २०८३/०८४ मा संचालन हुने रोजगारमूलक कार्यक्रमहरुमा सहभागी हुनका लागि बेरोजगार व्यक्तिहरुको सूचिमा सूचीकृत हुन् ईक्छुक १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरुले आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित मिति २०८२ चैत्र मसान्त सम्म तोकिएको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**१.संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

- निवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान
- निवेदकको हालसालै खिचिएको पासपोर्ट साईज फोटो २ थान
- परिवारमा रहेका व्यक्तिहरुको नागरिकता प्रमाण पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि १/१ थान(अनिवार्य)
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि १/१ थान
- निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपि १ थान
- स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि (नागरिकता प्रमाणपत्र अन्यत्र ठाउँबाट जारी भएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपि र ना.प्र.नं. मा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि १ थान)

आवेदन फारम प्राप्त गर्नका छिपहरमाई गाउँपालिकाको वेबसाईट www.chhipaharmaimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ साथै सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट निःशुल्क प्राप्त गर्न सकिने छ।

**थप जानकारीका लागि:**
९८६०९०४७८५

मुकेश कुमार चौरसिया
रोजगार संयोजक

**बोधार्थ:**
श्री का.वा.अध्यक्षज्यू,छिपहरमाई गाउँपालिका ।
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू , छिपहरमाई गाउँपालिका ।
श्री सूचना प्रविधि विभाग, छिपहरमाई गाउँपालिका वेबसाइट,फेसबुक र वडा कार्यालयमा सूचना अपलोड गरिदिनुहुन।



CamScanner